प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

पत्र संख्या : २०७८/७९
चलानी नं : ४६८

मिति २०७८।१२।१६

विषयः- प्रस्ताव आह्ववानको सूचना पठाईएको सम्बन्धमा ।

श्री रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका, गुल्मीदरबार गाउँपालिका, छत्रकोट गाउँपालिका, रुरु गाउँपालिका, कालिगण्डकी गाउँपालिका, सत्यवती गाउँपालिका, चन्द्रकोट गाउँपालिका, ईश्मा गाउँपालिका, मालिका गाउँपालिका, मदाने गाउँपालिका र धुर्कोट गाउँपालिका, गुल्मी नेपाल ।

प्रस्तुत विषयमा यस केन्द्रद्धारा मिति २०७८।१२।१६ गते प्रकाशन गरिएको तपसिल अनुसारको प्रस्ताव आह्वान सम्बन्धी १ वटा सूचना यसै पत्रासाथ संलग्न गरी पठाइएकोले सो सूचना तहाँ नगरपालिका/गाउँपालिका मार्फत सूचना पाटीमा टाँस गरी सोको जानकारी गराउनुहुन अनुरोध गरिन्छ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | सार्वजनिक निजी साझेदारीमा शहिद,द्धन्द्ध पिडित,पुर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार लागि कृषि उत्पादनमूलक रोजगार कार्यक्रम | |

नवराज भण्डारी
प्रमुख

बोधार्थ
श्री कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय बुटवल, नेपाल ।
श्री कृषि विकास निर्देशनालय सुकाम बुटवल, नेपाल ।

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
दर्ता नम्बर : ६४१
दर्ता मिति : २०७८।१२।१८

कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।१२।१६

सूचना नम्बरः ३६

यस केन्द्रको आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसील अनुसारको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक आवेदकले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन (पन्ध्र) (मिति २०७८।१२।२९) भित्र यस केन्द्रमा प्रस्तावना दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसील</u>

कार्यक्रमको नामः **सार्वजनिक निजी साझेदारीमा शहीद, द्वन्दपिडित, पूर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार लागि कृषि उत्पादनमूलक रोजगार कार्यक्रम**

स्वीकृत वार्षिक बजेटः ८ लाख।

आवेदक/अनुदान ग्राहीः शहीद, द्वन्दपिडित, पूर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार

सञ्चालन प्रक्रियाः कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिबृद्धि कार्यविधि, २०७८ बमोजिम।

<u>मापदण्ड तथा अनुदानको सीमा</u>

१. कृषि कार्यमा संलग्न भई कम्तीमा २ रोपनीमा खेती गरेको हुनु पर्नेछ।
२. मौरी र च्याउको हकमा कम्तीमा ६ वटा माहुरी घार (गोलासहित) वा च्याउ न्यूनतम् ४० पोका (च्याउको बीउ) प्रयोग गरी उत्पादन गर्नु पर्नेछ।
३. स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना अनुसार अधिकतम ८० प्रतिशत वा प्रति आवेदक बढीमा रू. ८० हजार मध्ये न्यून रकम अनुदान उपलब्ध गराइने छ।

<u>कागजातहरू</u>

१. प्रस्तावकको निवेदन।
२. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव।
३. सम्वन्धित सरकारी निकाय (मन्त्रालय, संवैधानिक निकाय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह) बाट शहीद, द्वन्दपिडित, पूर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार भएको यकिन हुने प्रमाण पत्र पेस गर्नु पर्नेछ।
४. दर्ता प्रमाण-पत्रको प्रतिलिपि- समूह/सहकारी/निजी कृषि फर्म/कम्पनीको हकमा।
५. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फार्म/कम्पनी/समूह/सहकारी)।
६. सम्बन्धित स्थानीय तह वा वडाको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्था का लागि मात्र)
८. प्रस्ताव पेस गर्नेको नागरिकताको प्रतिलिपि।
९. जग्गा धनी दर्ता प्रमाण-पुर्जा वा जग्गा भाडामा लिएको भए करार सम्झौताको प्रतिलिपि।

अनुसूची-३६
(दफा ७ सँग सम्बन्धित)

## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः
जिल्लाः गा.पा./न.पा./उ.न.पा.: वडा नं.: टोलः
फार्मको नामः सञ्चालकको नामः सम्पर्क नं.:

१. व्यवसायको परिचयः
२. उद्देश्यहरू :
३. कृषि व्यवसायमा अनुभवः
४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः
५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरूः
६. तालिम सम्बन्धी विवरण :
७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित/गर्न चाहेको कार्यक्रमको विवरणः

| सि.नं. | कार्य विवरण | परिमाण | दर | कुल लागत रू. | अनुदान रकम रू. | साझेदारी रकम रू. | सम्पन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)
९. उत्पादित वस्तुको बजार योजनाः
१०. थप आधारहरू

उपलब्ध जग्गाको क्षेत्रफल ......................
कार्यक्रमको स्पष्टता ................................
अपेक्षित वार्षिक प्रतिफल ..............................

**कार्ययोजना पेस गर्नेः**

आवेदक संस्थाको नामः
सम्पर्क व्यक्तिः
सम्पर्क नम्बरः
दर्जाः
दस्तखतः

अनुसूची-३५
(दफा ७ सँग सम्बन्धित)

मितिः २०७८।......।.......

**विषयः ............................................................................ कार्यक्रममा सहभागी हुन प्रस्ताव पेस गरेको सम्बन्धमा।**

श्रीमान प्रखुखज्यू,
कृषि ज्ञान केन्द्र,
तम्घास, गुल्मी, नेपाल।

उपरोक्त सम्बन्धमा यस केन्द्रको मितिः २०७८।.....।....... मा प्रकाशित ........................................ कार्यक्रम म/हामी आवेदकको कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यक्रम सञ्चालनमा सहभागी गराई पाऊँ भनी आवश्यक कागजात सहित यो निवेदन पेस गर्दछु/गर्दछौं।

निवेदक
नामः
ठेगानाः
सम्पर्क नम्बरः
संस्थाको छाँपः

नोटः अन्य थप जानकारीको लागि यस केन्द्रको सूचना पाटी, कृषि ज्ञान केन्द्र, गुल्मीको फेसबुक पेज, कृषि ज्ञान केन्द्र, गुल्मीको वेबसाइट gulmi.akc.gov.np वा कार्यालयको टेलिफोन नम्बर ०७९-५२०१२६ मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिने छ।

८३/१२/१६

नबराज भण्डारी
प्रमुख